वागमती नगरपालिकाको उपप्रमुख श्री लिला कुमारी मोक्तान ज्यूद्धारा प्रस्तुत
आ.व.२०७५।७६ को बजेट बक्तब्य
नगरसभामा पेश भएको : मिति २०७५।३।१०

यस सम्मानीत वागमती नगरसभाका अध्यक्ष श्री भरत कुमार थापा ज्यू,
हाम्रो गौरवशाली नगरसभामा उपस्थित अन्य सदस्य महानुभावहरु,
नगरसभा बैठकलाई थप उर्जावान बनाउन सहयोग गर्ने कर्मचारी मित्रहरु,

हामीलाई थाहा भएकै विषय हो , आज हामी जनताको सार्वभौम अधिकार विशिष्ट रुपमा उपभोग गर्ने साझा मञ्चमा उभिएका छौ । जनताको घरदैलोको सरकार, आफ्नै सरकार र आफन्त सरकारको रुपमा हामी परिभाषित छौं । केन्द्र शासित राज्य व्यवस्थाका दुर्गतीहरु पार गर्दै जनशंघर्ष , जनआन्दोलन, जनजागरणका माध्यमबाट संघिय प्रारुपमा राज्य शक्तिको विभाजन गर्दै विकास र समृद्धिलाई अगि बढाउने अभिभारा हाम्रो सामु रहेको छ । तथापी परिवर्तनको यस महान दौडानमा चुनौती र सम्भावनाहरु प्रशस्त रहेका छन् ।

हामीले नगरको सेरोफेरो विकासको इन्जिनलाई थप गतिवान वनाई जन अपेक्षा पुरा गर्न जुन आयोजना र कार्यक्रमहरु गत नगरसभामा पारित गरि अघि बढ्ने प्रयास गार्‍यौ , सो बाट थोरै भए पनि परिवर्तन देखा परेको छ । अनुमानित बजेट अनुरुपम बजेट प्राप्त हुन नसकि कतिपय योजनाहरु सञ्चालन हुन सकेनन् भने कतिपय सञ्चालित र सम्पन्न भएका योजनाहरुमा समेत भुक्तानीको लागि बजेट अभाव रहेको अवस्था छ ।

सभाध्यक्ष ज्यू, अव म चालु आ.व. २०७४।७५ का केही उपलब्धीहरु प्रस्तुत गर्न गइ रहेको छु ।

१) नगरका प्राय : सवै सडकहरु स्तरन्नोती भएका छन् ।

२) सुत्केरी पोषण सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको छ ।

३) शिक्षा क्षेत्रमा आमुल परिवर्तन भएको छ । शिक्षकहरुको क्षमता विकास तथा वालशिक्षालाई आधुनिक विधिबाट सिकाउने पद्धतीको थालनी भएको छ । जसले गर्दा विद्यार्थी भर्नादर उत्साहजनकरुपमा बढेको छ ।

४) राजघाट क्षेत्र तथा कर्मैया क्षेत्रमा गरि २(दुई) स्थानमा बर्थिंग सेन्टरको यसै चालु आ.व. २०७४।७५ बाट नै सञ्चालन हुने गरि पुर्वाधार तयार भइ सकेको अवस्था छ ।

५) करिव १०० कि.मी. सडकको डि.पि.आर तयार भएको छ भने बागमती फनपार्कको डि.पि.आर. तयार भइ  जग्गा अधिग्रहणको प्रकृया थालनी भएको छ ।

६) खानेपानी र सिचाइ प्रयोजनको लागि २ दर्जन भन्दा बढी इनार निर्माण भइ सकेका छन् भने अन्य इनारहरु निर्माणाधिन अवस्थामा छन् ।

८)  महिलाहरुको लागि विभिन्न दातृ निकायको सहयोगमा ब्युटिशियन तालिम तथा सिलाइ कटाइ सम्बन्धि विशेष तालिमहरु सञ्चालनमा रहेका छन् ।

९) फ्रि वाइफाइ जोन सहितको पब्लिक रिफ्रेश कम्प्लेक्स सम्पन्नको चरणमा रहेकको छ ।

१०) १२ बटै वडाहरुमा अनलाइन ब्यक्तिगत घटना दर्ताको थालनी भएको छ ।

## वागमती नगरपालकाको आ.व.२०७५।७६ को बजेट, योजना तथा कार्यक्रम

सभाध्यक्ष महोदय, अव म आगामी आ.व. २०७५।७६ को बजेट( आय- ब्यय), योजना र कार्यक्रम प्रस्तुत गर्न गइ रहेको छु ।

बागमती नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५।७६ को कुल बजेट रु. ७५ करोड ५० लाख अनुमान गरेको छु , जस मध्ये चालु तर्फको ब्यय २३ करोड २५ लाख ६४ हजार र पुंजिगत तर्फको ब्यय रु.५२ करोड २४ लाख ३६ हजार  प्रस्ताव गरेको छु । जसमा खर्च ब्यहोर्ने स्रोतहरुमा नेपाल सरकार अनुदान, नगरपालिका आन्तरिक आय, राजश्व बांडफांडबाट प्राप्त आय, सडक बोर्ड नेपाल अनुदान, बहुक्षेत्री पोषण योजना अनुदान, प्रदेश सरकार अनुदान तथा ऋण तथा समपुरक अनुदानहरु प्रस्ताव गरेको छु । जसको विस्तृत विवरण संलग्न अनुसुचिहरुमा मा उल्लेख गरेको छु ।

## “बागमती नगरको अपेक्षा,  समुन्नत र सभ्य शहर निर्माणको रुपरेखा”

१.लक्ष्यः सुरक्षित, मर्यादित, दीगो शहको निर्माण हुने ।

२.उद्देश्यः

- दीगो, जनमुखी र बातावरणमैत्री पुर्वाधारको निर्माण गर्नु ।
- रोजागरी सिर्जना, सिर्जनशिल शहरको निर्माण गर्नु ।
- भेदभाव पुर्ण अवस्थाको अन्त्यगरि समावेशी र आत्मनिर्भर समाजको निर्माण गर्नु ।

३.प्राथमिकता:

- सडक पुर्वाधार
- दीगो विकास
- समावेशीवेशीकरण
- शुन्य भ्रष्टचार
- भुमीहिनको उचित ब्यवस्थापन
- ब्यवसायिक कृषि र अधुनिकरण
- ब्यवसायिक र प्राविधिक शिक्षा
- सरल सामुदायिक स्वाश्थ्य सेवा
- सुचना पद्धतीमा आधारित सेवा
- सार्वजनिक सम्पतीको सुरक्षा

**४ बजेट निर्माणका आधारहरु :**
४.१ नेपालको संविधान
४.२.दीगो विकासका लक्षहरु र नेपालले देखाएको प्रतिबद्धता ।
४.३ चालु आवधिक योजना
४.४.प्रदेश सरकारका निर्णयहरु
४.५.नगरपालिकाको मौजुदा निति ,कार्यक्रम र बजेट
४.६ अन्य सान्दर्भिक विषयहरु

**५ .नीतिहरुः**

**५.१. भवन निर्माण तथा वस्ती विकास :**

- भू-उपयोग योजनाको आधारमा जग्गाको Zoning तयार गरि कार्यान्वयन गरिने ।
- कुनै एक स्थानमा Land Pooling कार्यक्रम संचालनमा ल्याइने छ ।
- राष्ट्रिय भवन संहिता, भवन निर्माण , वस्ती विकास तथा शहरी योजना तथा मापदण्डको कडाइका साथ पालना गरिने छ । नक्सापास प्रकृयालाइ थप कडाइ गरिने छ ।
- सडकको स्पष्ट मापदण्ड तय गरि सहभागिताको आधारमा सडक विस्तार गरिने । Right of Way र Set Back कार्यान्वयन कडाइका साथ गरिने । सडक अतिक्रमणलाई निरुत्साहित गरिने ।

- नक्सपास प्रकृयालाई Soft Ware Based गरिने कार्यको थालनी गरिनेछ । पुराना घरहरु अभिलेखिकरण प्रकृया आगामी आर्थिक वर्ष सम्मको लागि निरन्तरता दिइने ।
- नगरपालिकामा रहेका घर तथा सडकहरुको Metric प्रणाली शुरुवात गरि जि आइ एस पद्धतीमा आवद्ध गरिने छ ।
- नगरपालिकाले तोकेको सडक मापदण्ड भन्दा न्युन मापदण्ड भएको सडकमा नगरपालिकाले कुनै लगानी नगर्ने ।
- भुकम्प प्रतिरोधी घर निर्माणलाई प्रोत्साहित गरिने । Green Home निर्माण सम्बन्धि जनशक्ति तयार गर्न तालिम सञ्चालन गरिने ।
- आ.व. २०७४।७५ मा सञ्चालन भइ सम्पन्न हुन नसेक्ने तथा म्याद थप हुने र सम्पन्न भइ भुक्तानी दिन बांकी हुने योजनाहरुको लागि स्रोतको सुनिश्चितता गरिने । उक्त योजनाहरुलाई प्रथम प्राथमिकतामा राखि बजेट व्यवस्था गरेको छु ।
- गुणस्तरकायम गर्न योजनाहरुको प्रयोगशाला परीक्षण, सार्वजनिक परीक्षण तथा जनपरीक्षण लगायतको व्यवस्था मिलाइनेछ । रु.५,००,००० ( पाँच लाख) भन्दा वढीको योजनाहरुमा अनिवार्य रुपमा सुचना पाटी लगाईने व्यवस्था मिलाइने छ । लागत अनुमान तयार गर्दाकै अवस्थामा सो विषय उल्लेख गर्नु पर्ने प्रावधान राखिने छ ।
- नगरपालिकाका वास्तविक सुकुम्वासी पहिचान गरि सहभागितामा आधारित नमुना वस्ति विकास आयोजना सञ्चालनमा ल्याइने छ ।

## ५.२. वातावरण व्यवस्थापनः

- वातावरणमैत्री स्थानीय शासन कार्यन्वयनमा ल्याइनेछ । घर परिवार तहको, वडा र नगर तहकै वातावरणमैत्री स्थानीय शासनको आधारभुत र विकसित सुचकहरु कार्यन्वयनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापनमा 4R (Reduce, Reuse,Recycle , Reform)को सिद्धान्त अपनाइनेछ । फोहोरको घर तह ( Origin level) मै व्यवस्थापन गर्ने विधिको शुरुवात गरिनेछ । कुनै २ वटा वडा छनौट गरि Waste to compost , Compost to Agriculture जस्ता कार्यक्मको सञ्चालनमा ल्याइनेछ । फोहोरमैला व्यवस्थापनमा उल्लेख्य कार्य गर्ने टोल विकास संस्था छनौट गरी पुरस्कृत गरिनेछ ।
- व्यवस्थित Zero Land fill Site/ No Land fill site/ Zero Waste Management को कार्यक्रम संचालनमा ल्याइनेछ ।

- घरघरमा वर्षातमा कम्पाउण्ड भित्र परेको पानीलाई ढल वा नालामा नपठाई कम्पाउण्ड भित्र जमीन मुनी Recharge गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ तथा Rain Water Harvesting विधिहरु अपनाइनेछ । नक्सा पास योजनामै पानीको रिचार्ज गर्ने पद्धती अनुरुप ड्रइंग डिजाइन गरिनेछ ।
- वातावरण मन्त्रालयबाट स्वीकृत मापदण्ड अनुरुप प्लाष्टिक प्रयोगमा बन्देज लगाइनेछ ।
- नगरपालिकाको मुल सडकहरुमा दायाँबायाँ वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।
- वायोग्यास जडान गर्ने पद्धतीलाई प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाले तयार गरेको शुन्य फोहोर आचार संहिताको कडाइका साथ पालना गरिनेछ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७० मा उल्लेखित कार्यालयका सुचकहरु कार्यान्वयनमा ल्याइनेछ ।
- समुदायमा आधारित तथा सार्वजनिक निजी साझेदारीको प्रारुपमा फोहोरमैला व्यवस्थापन गरिनेछ ।
- बोटानिकल गार्डेन वा सार्वजानिक पार्क व्यवस्था गर्न लगानी केन्द्रित गरिनेछ ।
- खुला चौर तथा ऐलानी पर्ति जग्गामा नगर वगैचा तथा उद्यान पार्क तथा पानी संकलन केन्द्रहरुको स्थापना गरिनेछ ।
- फोहोरमैला ब्यवस्थापन ऐन को कार्यान्वयन गरिनेछ । ऐन विपरित कार्य गरेमा दण्ड जरिवाना गरिनेछ ।
- नगद सहभागीतामा आधारित सौर्य सडक वत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ ।
- मुहान संरक्षण, पोखरी निर्माण तथा तालतलैयाको संरक्षणमा लगानी केन्द्रित गरिनेछ ।
- एक वडा एक नगर बगैचा, एक वडा एक पोखरिको नीति अपनाइने ।
- एक घर दुई फलबृक्षको नीति लिइने ।
- सामुदायिक वन ब्यवस्थापन,अनुगमन तथा मुल्यांकन गर्ने सघन कार्यक्रम सञ्चालन गरेन छ ।
- नगरपालिका वडा नं. १२ मा रहेको बुढिवागमती नदिमा तलाउ निर्माण गरि माछापालन तथा जल पर्यटनको विकास गरिने छ । जसको लागि विभिन्न दातृ निकाय तथा साझेदारी निकायको खोजी गरिने छ । उक्त आयोजनाले रोजगारी सिर्जना, आय अर्जन तथा जल पर्यटनमा समेत टेवा पग्ने देखिन्छ ।

## ५.३. प्रकोप व्यवस्थापनः

- प्रकोप व्यवस्थापन बस्तुपरक योजना बनाईने छ । पुर्व सुचना प्रणाली तथा प्रकोप पिडितको लागि सुरक्षित बसोवासको व्यवस्था मिलाइने छ ।
- नगरपालिकामा प्रत्येक वडामा एक वटा क्षेत्रलाई खुला क्षेत्र ( Open Space)घोषणा गरिनेछ ।
- अत्याधुनिक सर्पदशं उपचार कार्यक्रमको थालनी गरिनेछ । जसको लागि  नगरपालिकाको एवम अन्य दातृ निकाय र ब्यक्तिगत स्रोतको समेत परिचलन गरिने छ ।
- वागमती, गोडारी तथा ढुंग्रे खोलाको दायांवायां वायोइन्जिनियरिंग पद्धतीबाट नदि नियन्त्रण गरिने  छ । ड्यामको थप ब्यवस्थापनको लागि कार्यकम सञ्चालन गरिनेछ ।
- वायो इन्जिनियरिङ्गमार्फत नदी, नाला नियन्त्रण गर्नको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- सम्बन्धित निकायसंग पहल गरि तारजाली तथा नदी नियन्त्रणमा आवश्यक ब्यवस्था मिलाइने छ ।
- वढ्दो सडक दुर्घटना नियन्त्रण गर्न चेतनामुलक कार्यकम सञ्चालन गरिने छ ।

## ५.४. समुदाय परिचालन तथा सामाजिक सुरक्षाः

- टोल बिकास संस्था , नागरिक सचेतना केन्द्रको गठन तथा विस्तार गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैक मार्फत वितरण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- City Civil Code बनाई लागु गरिनेछ ।
- स्थानीय सहकारीहरुसंग साझेदारीमा कार्यकमहरु सञ्चालन गरिनेछ ।
- आदिवासी जनजातीको संस्कृतिको विकास तथा दलितका सीप ज्ञानको उपायोग गर्दै क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपांगहरुको सामाजिक सम्मान गर्ने किसिमका कार्यकमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकको लागि बृद्धाश्रम, हिंसापिडित महिलाहरुको लागि आश्रय स्थलको ब्यवस्था गरिने छ ।
- अंपागता भएका ब्यक्तिहरुको अंपागताको प्रकार बमोजिम स्वरोजगार कार्यकम संचालन गरिने ।
- वालश्रमलाई पुर्णरुपमा निवारण गरने ।
- जेष्ठ नागरिक सुरक्षा कार्यकम सञ्चालनमा ल्याइने छ ।

## ५.५. आर्थिक प्रशासन तथा राजस्व परिचालनः

- राजस्व पद्धितीलाई व्यवस्थित गरिने छ । करदाताहरुलाई Mobile Tax Payment Service लागु गरिने छ । सवै प्रकारका कर पद्धतीलाई अनलाइन कर विजक पद्धतीमा आवद्ध गरिने छ ।
- व्यवसाय करको नक्साकंन गरी करदातालाई करको दायरा भित्र ल्याइनेछ ।
- करदाता मैत्री वातारणको सिर्जना गरिनेछ ।
- आन्तरिक आय वृद्धि गर्ने कार्यहरु संचालन गरिनेछ ।
- शून्य पेश्की अभियानलाई निरन्तरता दिईनेछ ।
- प्रोदभावी लेखा पद्धति अपनाइनेछ ।
- ठेक्का पद्धतिमा E-biding पद्धति लागु गरिने छ ।
- मासिक आय -ब्यय सार्वजनिककरण गर्ने कार्यक्रम तथा भुक्तानीका वीलहरु सार्वजनिक कार्यको थालनी गरिनेछ ।
- २०७५ श्रावण १ गते बाट अनिवार्य सम्पती कर पद्धतीको सुरुवात गरने छ ।

## ५.६. वालमैत्री स्थानीय शासनः

- बालमैत्री स्थानिय शासनका सुचकहरु कार्यान्वयनमा ल्याइनेछ ।
- वागमती नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने तर्फ आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
- वालश्रम उन्मूलनका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- एक वडा एक वालमैत्री पार्क निर्माण गर्ने नीति लिइनेछ ।
- श्रमिक वालवालिका, वेवारिसे वालवालिका तथा सडक वालवालिका पहिचान गरि उद्धार कार्यक्रमको थालनी गरिनेछ ।
- वालवालिका उद्धार केन्द्रको स्थापनाको लागि पहल गरिने छ ।

## ५.७. सार्वजानिक सम्पत्तीको संरक्षण :

- सार्वजनिक सम्पती, सार्वजनिक जग्गा, भवनहरुको अभिलेख राखि अग्रगामी सोचका साथ संरक्षण गरिने छ ।
- सामुदायिक विद्यालयहरुको जमिन, भवन र सम्पतीहरुको कम्प्युटिकृत पद्धतीद्धारा अभिलेख राखिने छ ।

## ५.८. पर्यटन विकासः

- ऐतिहासिक महत्वको स्थलहरुको पहिचान र संरक्षण गरी पर्यटन विकासमा जोड दिइनेछ ।
- वडा नं.११ को तपोवन नजिक बागमती किनारमा रहेको क्षेत्रका जग्गा प्राप्ति तथा अधिग्रहण गरि फन पार्क एण्ड रिसोर्ट निर्माण गरेनेछ । करीव रु. २७ करोड लाग्ने अनुमान गरिएको उक्त आयोजनाको लागि स्रोत नेपाल सरकार वा प्रदेश सरकार वा नगरविकास कोषको अनुदान तथा ऋण र नगरपालिकाको समपुरक सहभागिता समेत रहने अनुमान गरेको छु ।
- पर्यटन मन्त्रालयको समन्वयमा कम्तीमा एक वस्तीमा Home stay कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकाले देश भित्र वा देश वाहिरका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रकृया थालनी गर्नेछ ।
- इतिहासविद वा पुरातत्वविदको सहायतामा ऐतिहासिक व्यक्ति वा घटनासंग जोडिएका ऐतिहासिक स्थल पहिचान गरी शिलालेखमा विवरण राखी सो स्थललाई पर्यटकीय स्थल को रुपमा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- पर्यटन मेला, ब्यापारिक मेला जस्ता प्रवर्द्धनात्मक कार्यकमको थालनी गरिनेछ ।
- स्तरीय होटेल सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- तपोवन, हरिहर क्षेत्र जस्ता पर्यटकीय सम्भावनाका ठाउंहरुमा लगानी प्रोत्साहन गरिनेछ ।
- जल पर्यटनको सम्भावनाको अध्ययन गरिने छ ।
- धार्मिक पर्यटन विकासको लागि हरिहर क्षेत्रको पुर्वाधार निर्माण गर्न आवश्यक रकम ब्यवस्था गरेको छु ।

## ५.९. पुर्वाधार विकास :

- दीगो पुर्वाधार विकासमा जोड दिइनेछ ।
- नगर क्षेत्रमा संचालन हुने नगर स्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड बनाई गुणस्तर कार्यान्वयन गरिनेछ ।
- नगरको समग्र विकासको लागि समग्र नगर विकास योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- नगर यातायात गुरुयोजना बनाई लागु गरिने छ ।
- Centre of Excellence बनाउन ISO 1400 प्राप्त गर्ने कार्य योजना निर्माण गरी लागु गरिने छ ।
- जसले गर्दा आ.व.२०७४।०७५ लाई सडक वर्षकै रुपमा मनाईएकोमा यस वर्ष पनि सडक वर्ष कै रुपमा मनाउने विषयलाई निरन्तरता दिएको छु ।

## ५.१० जन स्वास्थ्य तर्फ :

- स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक, योगध्यान केन्द्रहरु संचालनमा ल्याइनेछ ।
- माछा मासु विक्रीको मापदण्ड बनाई लागु गरिनेछ ।
- व्यवस्थित पशुवधशाला निर्माणमा लगानी केन्द्रीत गरिनेछ ।
- खाद्य विक्री बस्तु वितरणमा अनुगमन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा स्वाश्थ्य केन्द्रको ब्यवस्था  मिलाइनेछ ।
- कर्मैया स्वाश्थ्य चौकीलाई २५ सैयाको अस्पताल निर्माण गर्न पहल गरिने छ ।
- नगरको कम्तीमा चार स्थानमा बर्थिंग सेन्टर सञ्चालनमा ल्याइने छ ।
- अति विपन्न परिवारका दिर्घ रोगीहरुलाई ५० प्रतिशत औषधिमा अनुदानको ब्यवस्था गरिने छ ।
- महिला स्वाश्थ्य स्वयम सेवीहरुको कार्यमुल्यांकनको आधार प्रोत्साहनको ब्यवस्था मिलाइने छ ।
- मोवाइल स्वाश्थ्य शिविर तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- गर्भवती महिलाहरुलाई शुभकामना कार्ड र नवदम्पतीलाई शुभकामना कार्ड प्रदान गरिने छ ।
- विद्यालय स्वाश्थ्य शिविर तथा विद्यार्थी स्वाश्थ्य परीक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## ५.११ शिक्षा तर्फ :

- शिक्षाको गुणस्तर कायम गर्न सुचक वनाई विद्यालयहरुको मुल्यांकन गरिने छ । विद्यार्थीको होइन अव शिक्षकको मुल्यांकन गर्ने पद्धतीको विकास गरिनेछ । विद्यालयमा आर्थिक अनुशासन कायम गराइनेछ । शैक्षिक गुणस्तरको लागि अंग्रेजी शिक्षा सवै तहका विद्यालयमा लागु गरिनेछ ।
- सवै विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना गर्ने नीति रहेको हुंदा माध्यामिक विद्यालयहरुबाट कम्प्युटर ल्याव स्थापना गरिनेछ ।
- उत्कृष्ट विद्यालयहरुलाई नगरपालिकाबाट थप कार्यक्रमको लागि बजेट उपलब्ध गराइनेछ ।
- प्राथमिक  तहका विद्यालयहरुमा वालमैत्री शिक्षण सिकाइमा लगानी केन्द्रित गरिनेछ । विद्यालयको माग अनुसार मन्टेश्वरी भवन निर्माण तथा मन्टेश्वरी कक्षा अनिवार्य सञ्चालनका लागि  बजेट ब्यवस्था गरनेछ ।
- वाल क्रिडा सामग्री जडानमा विशेष प्राथमिकता दिइनेछ ।

- लैंगिकिमैत्री, सूचना प्रविधि मैत्री, अपांग मैत्री विद्यालय निर्माण गर्न पहल गरिनेछ । क्याम्पस तहमा प्राविधिक शिक्षाको थालनी गर्न आवश्यक पहल गरिनेछ ।
- विद्यालयहरुको कार्यसम्पादन मापन सुचक तयार गरि मासिक रुपमा मुल्यांकन गरि विद्यालय अनुदान रकमलाई मापन सुचकको आधारमा वितरण गर्ने व्यवस्था मिलाइने छ । सुचकमा न्युन मुल्यांकन प्राप्त गर्ने प्रध्यानाध्यापक तथा व्यवस्थापन समितिलाई कार्वाही गरिने छ भने अति उच्च मुल्यांकित विद्यालयहरुका प्रध्यान्नाध्यापक तथा व्यवस्थापन समितिका सदस्याहरुलाई ब्यक्तिगत पुरस्कार तथा सम्मानको ब्यवस्था मिलाइने छ ।

## ५.११ कृषि तर्फ :

- कृषिको उत्पादन बृद्धिसंगै आधुनिकिकरण तथा वजारीकरणमा लगानी केन्द्रित गरिनेछ । SMART Agri Sytem लागु गरिने छ । नगरपालिकामा चिस्यान केन्द्र स्थापनको लागि प्रोत्साहन गरिने छ ।
- जमिनको उत्पादकत्व वढाउन अनावश्यक औषधी प्रयोगमा निरुत्साहन गरिनेछ ।
- वेमौसमी तरकारी खेती, कौसी वा करेसावारी खेती र अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- दुग्ध र दुग्ध जन्य परिकारको उत्पादन र वजारीकरणलाई विशेष ध्यान दिइने छ । डेरी उद्योग स्थापना गर्न पहल गरिनेछ ।
- पशु स्वास्थ्य र पशु विमा कार्यक्रमको ब्यवस्थालाई थप सहज वनाउन आवश्यक पहल गरिनेछ ।
- उन्नत पशुपालनमा आवश्यक ज्ञान प्रदान गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आपसी ज्ञान आदान प्रदान गर्न कृषि भ्रमण, कृषि मेला जस्ता कार्यक्रम आयोजना गरिनेछ ।
- कम तौल र बढी मूल्य भएका बस्तुहरु उत्पादन गर्न जोड दिइनेछ ।
- १० कठा भन्दा कम जग्गा स्वामित्व भएका कृषकरुको लागि कृषि विउ विजन, कृषिमल लगाएतमा अनुदानको ब्यवस्था गरिनेछ ।
- चुरे क्षेत्रमा  माटो हावापानी सुहाउंदो ब्यवसायिक कृषि खेतिलाई प्राथमिकता दिइने छ ।
- पशुपालनमा प्रोत्साहन स्वरुप उचित अनुदानको ब्यवस्था गर्ने ।

५.१२. नगरको पहिचान तर्फः

- स्थानीय उद्योग तथा व्यापारसँग सम्बन्धित संस्थाहरुसँग संमन्वयन गरी नगरपालिकाको पहिचानको रुपमा एकवस्तु, एक नगरको अवधारणा अनुसार एकवस्तु विकास गरी उत्पादन तथा विक्री गर्न कार्यक्रम संचालन गरिने छ ।

५.१३. सुशासन र भ्रष्टचार नियन्त्रण सम्बन्धी नीतिः

- कर्मचारीको क्षमता अभिवृद्धी गर्न सीप विकास कार्यक्रमहरु संचालन गरिने छ ।
- कर्मचारीको थप कार्य क्षमता वृद्धि  गर्न आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइने छ ।
- Reward and Punishment को नीति अवलम्वन गरिने छ ।
- प्रमुख प्रशासकिय अधिकृत  र अन्य कर्मचारी बीच कार्य सम्पादन सम्झौता करार गरी मुल्यांकन गर्ने ब्यवस्था गरिने  छ  । सुचकमा आधरित कर्मचारी प्रोत्साहन पद्धतीको थालनी गरिने छ ।
- कर्मचारीको आचारसहिंत तथा पदाधिकारीहरुको आचारसंहिता वनाइ कडाईका साथ कार्यान्वयन गरिने छ ।
- भ्रष्टचारमा शून्य सहनशीलता घोषणा गर्ने कार्यक्रम संचालन गरिने छ ।
- सेवा प्रदानलाई प्रभावकारी, जनमुखी, परिणाममुखी र उत्तरदारी वनाउन वडाहरुको समेत सुचक वनाई मुल्यांकन गर्ने ब्यवस्था मिलाइने छ ।

५.१४.सूचना प्रविधि सम्बन्धी नीतिः

- कार्यालयमा इन्टरनेटको प्रयोगलाई उच्च प्राथमिकता दिइने छ ।
- नगरपालिकाको प्रत्येक गतिविधिहरु Web site मार्फत सार्वजनिक गरिने नीतिलाई लिइने छ  ।
- बालबालिकालाई सूचना प्रविधिको ज्ञान दिलाउन E- Library स्थापनामा जोड दिइने छ ।
- Web Based Relationship मा जोड दिइने छ ।
- Face book Information service मार्फत जनमैत्री सुचना पद्धती लाई निरन्तरता दिइने छ ।
- Digital Friendly पत्रकारीता प्रबर्द्धन तथा स्थानीय पत्रकारितालाई सूचना प्रविधिमैत्री वनाउन लगानी केन्द्रित गरिने छ ।
- स्थानिय स्तरमा  सञ्चालित एफ.एम.को थप क्षमता अभिबृद्धि गरिने छ ।

- केही स्थानहरुमा फि वाइ फाइ जोन स्थापना गरी सवै नगरवासीमा सूचनाको पहूंच स्थापना गरिने छ ।
- सूचनामैत्री विद्यालय पहिचान गरी पुरस्कृत गरिने छ ।

### ५.१५. बैकल्पिक उर्जा प्रवर्द्धन सम्बन्धि निति :

- सम्भाव्य जलविद्युत उत्पादनमा पहल गरिने छ ।
- अन्य निकायको साझेदारीमा Micro Hydro Project मा लगानी गरिने छ ।
- भवन निर्माण अनुमति लिदां घरमा अनिवार्य सौर्य उर्जा जडान हुनुपर्ने मापदण्ड तयार गरिने छ ।
- वायोग्यास,व्रिकेटको उत्पादन तथा सीप विकासमा लगानी केन्द्रित गरिने छ ।
- वायु उर्जा प्रवर्द्धन गरिने छ ।
- Solar Electricity Project कार्यान्वयनमा सम्बन्धित निकायमा पहल गरिने छ ।

### ५.१६. खेलकुद विकास तर्फ

- व्यवस्थित रंगशाला निर्माण गर्न अवश्यक पहल गरिने छ ।
- फुटवल, किक्रकेट , त्याकन्दो जस्ता खेलको वढी सम्भावना भएकोले विभिन्न तहका प्रतिस्पर्धा गराउन युवा क्लव तथा खेलकुद संघ तथा महासंघलाई प्रोत्साहित गरिने छ । जसमा नगरपालिकाले पनि आवश्यकता अनुसार बजेट उपलब्ध गराउने छ ।
- कवर्ड हलको तथा आवश्यकता अनुसार थप पुर्वाधारहरु निर्माण गर्दै लगिने छ ।
- खेलकुदको रुपमा प्रयोग हुंदै आएका मैदानहरुको संरक्षण र सम्बर्द्धन गरिने छ ।
- हामी सवैको धार्मिक आस्था संस्कृती र भुगोलसंग जोडिएको राजर्षि जनक कप फुटवल प्रतियोगितालाई निरन्तरता दिइने छ ।

### ५.१७. उद्योग र ब्यवसाय सम्बन्धि निति :

- यसै आ.व. भित्र सम्भाब्यता अध्ययन गरि नगरपालिकाको जग्गाहरुको Zoning गरिने छ । प्राप्त अध्ययनको आधारमा कुनै क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिने छ ।
- वतावरणमैत्री उद्योगहरु, सेवा ब्यवसाय, सुचना प्रविधि, कृषि तथा दुग्ध उद्योगहरु तथा पर्यटनसंग सम्बन्धित उद्योगहरु स्थापनामा विशेष जोड दिइने ।
- ब्यवसाय र लगानी मैत्री वातावरण सृजना गरिने छ ।

- नगरपालिका र सहकारी साझेदारीमा तुलनात्मक लाभका उद्योगहरु सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
- सार्वजनिक निजी तथा सहकारी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५.१८. युवा सम्बन्धि निति :

- युवा स्वरोजगारका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- वैदेशिक राजगारीका सम्बन्धमा सुचना तथा सल्लाह उपलब्ध गराउन नगरपालिकमा वैदेशिक रोजगारी सहायता तथा सुचना डेस्क स्थापना गरिने छ ।
- युवालाई सम्भव भए सम्म आफ्नै गाउमा बसी रोजगार प्राप्त गर्ने किसिमका सीपमुलक तालिम तथा व्यवसाय प्रवर्द्धन गरिने छ ।

## ५.१९. जेष्ठ नागरिक सम्बन्धि निति :

- जेष्ठ नागरिकको ज्ञान, सीप , क्षमता र अनुभवको उच्च मुल्यांकन हुने किसिमका कार्यक्रम सञ्चालन गरिने छ ।
- विश्राम स्थल, पाटि पौवा तथा आश्रम स्थल निर्माणमा विशेष ध्यान दिइने छ ।
- जेष्ठ नागरिक सम्मानका विशेष कार्याक्रम सञ्चालन गरिने छ ।

## ५.२०. आदिवासी जानजाती सम्बन्धि निति :

- प्रचलित धर्म तथा संस्कृतिको प्रवर्द्धन गरिने छ ।
- मौलिक संस्कृतिको विकास तथा क्षमता बृद्धिका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- मौलिक पहिचानको पुर्वाधारहरु जस्तै गुम्बा निर्माण जस्तामा लगानी केन्द्रित गरिने छ ।

## ५.२१. दलित सम्बन्धि निति :

- दलित वालवालिका छात्रबृत्ति कार्यक्रम, बिद्यालय पठाऔं. जस्ता कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- उत्पादन र रोजगार मुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- छुवाछुत भेदभावको उन्मुलन, समाजिक समावेशिकरण जस्त विषयमा विशेष महत्व दिइने छ ।
- दलित वालपोषण भत्तालाई थप प्रभावकारी वनाइने छ ।

५.२२. अपांग सम्बन्धि निति :

- विद्यालय तथा सरकारी भवनहरु, सार्वजनिक भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा अपांगमैत्री हुनु पर्ने व्यवस्था मिलाइने छ ।
- अपांग सामाग्री वितरण तथा अपांग सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

**५.२३. महिला सम्बन्धि विशेष व्यवस्था :**

- सुत्केरी महिलाहरुको पोषण स्वास्थलाई ध्यान दिइ सुत्केरी महिला तथा वालपोषण भत्ताकार्यक्रम सञ्चालनमा ल्याइनेछ । जसमा छोरा पाउनेलाई रु.३०००( तीन हजार) र छोरी पाउनेलाई रु ५०००( पांच हजार) का दरले पोषण शुरक्षा भत्ता प्रदान गर्ने गरिएको कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- सार्वजनिक शौचालय निर्माण गर्दा तथा विद्यालय तथा सार्वजनिक स्थलका शौचालयहरु अनिवार्य रुपमा महिलामैत्री तथा लैगिंकमैत्री हुनु पर्ने मापदण्ड वनाइ लागु गरिने छ ।
- महिला समुहको गठन तथा कृषि अनुदानमा महिला सहभागिता, महिलामैत्री कृषि पद्धती तथा महिला विद्यालयस्थापना गर्ने व्यवस्था गरिने छ ।
- हिंसा पिडित महिलाको पुनस्थापना गर्ने कार्यक्रम संचालन गरिने ।

**५.२४ न्याय सम्पादन तर्फ**

- न्याय सम्पादन प्रकृयालाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन न्यायिक समितिको क्षमता विकासमा विशेष कार्यक्रमहरु राखिने छ ।
- न्याय सम्पादनको शिलशिलामा हिंसा पिडित महिला, पिडित परिवारको तत्काल सुरक्षा र प्रतिरक्षा गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- न्यायिक समितिको न्यायिक सम्पादन प्रकृयालाई सरल, सहज र सवैको पंहुच योग्य बनाउन छुटै न्यायिक सहायता कक्ष समेत रहने व्यवस्था मिलाइने छ ।
- न्यायिक समितिको पुर्वाधार तयार, छुटै इजालासको व्यवस्था तथा न्यायिक समितिको क्षमता विकास गर्न आवश्यक रकम व्यवस्था गरेको छु ।

अन्तमा यस गरिमामय नगरसभामा आफुले बजेट पेश गर्न पाउंदा गौरान्वित महशुस भएको छ । यो अविस्मरणीय अवसर मिलाइ दिनु भएकोमा म विशेष तः सभाध्यक्ष ज्यु तथा अन्य नगरसभाको सदस्य ज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्द छु । साथै उपस्थित सवै प्रति आभार प्रकट गर्न चाहान्छु ।

धन्यवाद । ................

लिला कुमारी मोक्तान
उपप्रमुख